# १ सुसमाचारको प्रचारप्रसार र गवाही दिनुको अर्थ

*__यस अध्यायको निम्ति पढ्नुहोस:__* प्रेरित ४:३३, प्रेरित १३:४८, १ यूहन्ना १:३, प्रेरित १३:१-४९, प्रेरित २२:२-२२, १ पत्रुस ३:१५।

*__स्मरण गर्नुपर्ने पद:__* "'अब तिमीहरू संसारको कुनाकाप्चामा जाऊ र मानिसहरूलाई मेरा भक्त बनाऊ। पिता, पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देऊ। मैले तिमीहरूलाई निर्देशन दिएको अनुसार सबै थोक पालन गर्न तिनीहरूलाई सिकाऊ। अन्तको समयसम्म तिमीहरूसँग म सधैं हुनेछु भनेर तिमीहरूलाई म वचन दिंदछु।' " (मत्ती २८:१९,२० रूपान्तरित)।

__मूल सोचः__ यदि हामी सुसमाचार प्रचार गर्ने काममा भाग लिन चाहन्छौं भने, "सुसमाचार प्रचारप्रसार" र "आत्मपरिवर्तन भएको गवाही दिनु" भनेको के हो भनेर बुझ्नु अत्यन्त आवश्यक छ।

कुनै पनि संघ सस्थामा कर्मचारीलाई भर्ना गर्दा उसको काम र कर्तव्य के हो भनेर उसले थाहा पाउनुपर्दछ। नयाँ कर्मचारीले नियुक्ति पत्र पाउँदा उसको काम के हो भनेर त्यसको वाख्या गर्दै उसलाई काम र कर्तव्यको सूची दिइन्छ र त्यसै अनुसार ऊ चलोस भनि संघ संस्थाले अपेक्षा गरेको हुन्छ।

परमेश्वरका जनहरू भनेर दावी गर्नेहरूको निम्ति पनि बाइबलले "काम र कर्तव्यको" वाख्या गरेको छ। प्रेरित पावलले १ कोरन्थी १५:५८मा कोरन्थीका विश्वासीहरूलाई यसरी प्रोत्साहन दिंन्छन्, "परमेश्वरको कामको निम्ति तिमीहरू सधैं पूरारूपमा अर्पित हुनु।" कस्तो खालको कामको निम्ति भनेर पावलले खुलासा गरेको छैन। तर पावल र तिमोथीले गरेको प्रचारप्रसार र गवाही दिने परमेश्वरको काम हो भनेर १ कोरन्थी १५:१०मा उल्लेख गरेको शव्दहरूले बताउँदछ। त्यसकारण सुसमाचारको प्रचारप्रसार गर्ने कामपनि परमेश्वरको काम हो

भनेर १ कोरन्थी १५ अध्यायमा समावेश गरेर सबैलाई पावलले हौसला दिँदछन्।

सुसमाचार प्रचारप्रसार र गवाही दिनु भनेको के हो भनेर यस अध्यायमा हामी अध्ययन गर्नेछौं। यदि हामी येशूभक्त भनेर दावी गर्छौं भने बाइबलको अनुसार हामीहरूको काम र कर्तव्यको निर्देशनलाई हामी नियाल्नेछौं।

## १. सुसमाचार प्रचारप्रसार गर्ने भनेको......? (प्रेरित ४:३३)

सुसमाचार प्रचारप्रसार गर्ने प्रथम् प्रचारकहरूको अध्ययनबाट नै प्रचारप्रसारको स्पष्ट चित्रण हामी पाउँछौं। हो, तिनीहरूको संसार र हाम्रो संसार केहि हदसम्म फरक छन्। तर दुवैको संसार पापी, पतित र छियाछिया भएको थियो र भइरहेकाछन्। त्यसकारण त्यस खालको संसारलाई मुक्ति र आशाको आवश्यकता हुन्छ। करिब सय वर्ष अगाडि एक जना जर्मनको दार्शनिक अर्थर स्वपनहौरले मानव अवस्थाप्रति गम्भिर भएर भनेका थिए, "प्रत्येक मानिस जो यस संसारमा जन्मिन्छ त्यसले अर्को दिन देख्न नपरोस भनेर इच्छा गर्दछ।" द वर्ल्ड अभ विल एण्ड आइदिया, पृ. २०४बाट रूपान्तरित। पावलको समयमा होस् वा स्वपनहौरको समयमा होस् वा हाम्रै समयमा किन नहोस् त्यो इच्छामा कमै परिवर्तन भएको हामी पाउँदैछौं। त्यसकारण पावलको समयमा परमेश्वरको बारेमा सुसमाचार प्रचारप्रसार गर्ने मूल विषयवस्तुहरू हाम्रो समयमा पनि त्यहि हुनुपर्दछ।

**देहायका पदहरू पढ्नुहोस्: प्रेरित ४:३३, ५:४२, २:३६-३९, ७:५६ र १३:४८। माथिका पदहरूमा के यस्ता विषयवस्तुहरू छन् जुन येशूका चेलाहरूका थिए र वर्तमान परिप्रेक्ष्यमा प्रचारप्रसार गर्दा हाम्रो पनि हुनुपर्दछ?**

यदि कोहि येशूको बारेमा प्रचार गर्न चाहन्छ भने सर्वप्रथमतः अनन्तको सुसमाचारको बारेमा आफैले बुझ्नुपर्दछ। त्यसले व्यक्तिगत जीवनमा सुसमाचारको पकड भएको अनुभव गर्नुपर्दछ। विश्वास, आस्था, आफ्ना भूलको स्विकार, (चोलापरिवर्तन होइन अर्थात् अरू भन्दा म

चोखो छु भनेर देखावती वस्त्र आदि परिवर्तन गरि हिंडने नभएर) आत्मपरिवर्तन, बप्तिस्मा, अनुशासित भक्त र अनन्त जीवनमा आश्वस्त हुनु जस्ता जल्दोबल्दो बिषयवस्तुहरू सुसमाचारका मूल लक्ष्यहरू हुन्।

येशूका चेलाहरू कस्ता निडर भएर निस्के भनेर यहूदी धर्मगुरू तथा अगुवाहरूले देखेका थिए। तिनीहरूको आत्मपरिवर्तन र निडरताले तिनीहरू येशूको साथमा थिए भनेर ती धर्मगुरूहरूले महशूस गरेका थिए (प्रेरित ४:१३)। ती चेलाहरूले येशूको जीवन र शिक्षाको बारेमा मात्रै चर्चा गरिरहेका थिए। यसको अर्थ सुसमाचारको प्रचारप्रसार र गवाहीका मूल विषयवस्तु नै येशूको जीवन र शिक्षाको बारेमा चर्चा गर्नु हो। ती विषयवस्तुहरूले नै येशूलाई प्रभु र मुक्तिदाता भनेर ग्रहण गर्नेको जीवनमा आमूल आत्मपरिवर्तन गराउँदछ।

फेरि एक पटकको प्रचारप्रसार र गवाहीको आयोजना वा घट्नाले मात्र पुग्दैन। प्रचारप्रसार र गवाहीको प्रक्रियाले निरन्तरता पाउनुपर्दछ। सुरूमै जोश र होस पुऱ्याएर बलियो जगमा प्रचारप्रसार र गवाहीको कार्यक्रम चलाउनुपर्दछ। कार्यक्रम पछि पनि विश्वासीहरूको बिकासमा निरन्तररूपमा ध्यान दिनुपर्दछ। यस वाक्य "तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र रोटी भाँच्न र प्रार्थनामा *भक्तिसाथ लागिरहन्थे* " (प्रेरित २:४२)ले नयाँ विश्वासीहरूको आत्मिक बिकासमा प्रेरितहरू कत्तिको अर्पित थिए भनेर देखाउँदछ। प्रचारप्रसारको कार्यक्रममा केवल परमेश्वरको सन्देश सुनाउनुमात्रमा सिमित भएको थिएन भनेर सुरूका चर्चले स्पष्ट रूपमा देखेका थिए। जबसम्म येशूलाई विश्वास गर्नेहरू उहाँका भक्त भएनन् भने तिनीहरूको प्रचारको काम अधकल्चो भएको तिनीहरूले देखेका थिए। नयाँ विश्वासीहरू स्थानिय विश्वासीहरूमा समावेश गराएर तिनीहरू पनि त्यसका प्रमूख भाग हुन् भनेर आभास दिनु ती प्रेरितहरूले आफ्नो कर्तव्य ठानेका थिए।

सुसमाचारमा तपाईंको निम्ति धेरै बाचाहरू छन्। ती मध्ये तपाईंलाई अधिकतम् आशा दिने कुन बाचा छ? तपाईं आफ्नो जीवनमा जतिसुकै कठिनाइ र पिडा भोग्नुपरेतापनि त्यस बाचालाई पकडी आफ्नै बनाइराख्न तपाईंले कसरी सिक्ने?

## २. गवाही दिनु भनेको....? (मर्कूस ५:१८-२०)

आफूले नै देखेका र भोगेका कुराको साछि दिनु नै गवाही दिनु हो। यो व्यक्तिगत अनुभवलाई प्रस्तुत गर्नु हो। येशूभक्तको जीवनमा परमेश्वरले कस्तो काम गर्नुभयो भन्ने गवाही अत्यन्त प्रभावशाली हुनसक्दछ। उदाहरणमा, एक दिन येशूले सैतानको काबुमा रहेको बहुला मानिसलाई निको पार्नुभएको थियो (मर्कूस ५:१-१९)। त्यो निको भएको मानिस येशूसँगै डुङ्गामा जान चाहेको थियो। तर येशूले उसलाई यो आज्ञा दिनुभयोः "तिम्रै परिवारमा तिमी फर्केर जाऊ। तिम्रो निम्ति प्रभुले कत्ति काम गर्नुभयो भनेर तिनीहरूलाई सुनाऊ। उहाँले तिमीलाई कत्तिको दया देखाउनुभयो भनेर तिनीहरूलाई भन।'" (मर्कूस ५:१९ रूपान्तरित)।

त्यस मानिस येशूसँग केवल केहि क्षणमात्र बिताएका थिए। मानिसहरूलाई कसरी सिकाउने र प्रचार गर्ने भनेर जान्न थोरै समयले पुग्दैनथ्यो। हुनसक्छ येशूले केवल सुसमाचारका केहि आधारभूत सत्यहरूमात्र उसलाई सिकाउनुभएको थियो होला। त्यत्तिकै भरमा उहाँले "जाऊ र सुनाऊ" भनेर येशूले त्यसलाई भन्नुभएको थियो।

**मर्कूस ५:१८-२०, प्रेरित २२:१५,१६ र १ यूहन्ना १:३ पढ्नुहोस्। ती पदहरूमा के यस्ता साझा र महत्त्वपूर्ण विषयवस्तु छ जसले हामीलाई औंल्याउँदछन्?**

परमेश्वरले हाम्रो जीवनलाई कसरी परिवर्तन गर्नुभयो भनेर अरूहरूलाई सुनाउने अभिभारा उहाँले हामीलाई सुम्पिनुभएको छ। जसरी त्यो अभिभारा त्यस भूत लागेको गदाराका मानिस र उहाँका अरू अनुयायीहरूलाई पनि दिनुभएको थियो।

आफ्नो व्यक्तिगत जिवनलाई परमेश्वरले कसरी अगुवाई गरिरहनुभएको छ भनेर अरूहरूलाई सुनाउनु नै गवाही वक्नु हो। यस गवाहीले गर्दा येशूलाई ग्रहण गर्न अरूहरूलाई प्रोत्साहन मिल्दछ। केवल रेडियो, टेलिभिजन वा कुनै ठूला ठूला प्रचारको अभियान वा क्रुसेडद्वारामात्र गवाही दिनु होइन। गवाही दिने समय जुनसुकै बेला र जहाँ पनि हुनसक्दछ। त्यो तुरन्तातुरन्तै पनि हुनसक्दछ। येशूको

बारेमा अरूलाई सुनाउने अवसरको कुनै ठेगान हुँदैन। त्यसकारण हामीले पाएका आत्मज्ञान र अनुभव अरूलाई बाँड्ने अवसरको निम्ति हरदम चनाखो र तयार हुनुपर्दछ।

गवाही दिनु र सुमाचार प्रचारप्रसार गर्नुको बीचमा के सम्वन्ध छ भनेर कसैको जिज्ञासा होला। ख्रीष्टतिर मानिसहरूको मन फर्काउन विभिन्न उपायहरूप्रति चनाखो हुनुपर्दछ। गवाही दिन होस् वा प्रचार गर्न होस्, दुवै योजनवद्ध रूपमा हुनुपर्दछ। ती योजना फरक फरक होलान्। गवाही जुनबेलामा पनि हुनसक्दछ र त्यो समय एकदम छोटो पनि हुनसक्दछ। तर प्रचारप्रसार गर्न वढि समय चाहिन्छ र त्यसको योजना होशियारपूर्वक बनाउनुपर्दछ। यदि योजनावद्ध रूपमा गरिएको प्रचारप्रसारमा व्यक्तिगत गवाही समावेश भए त्यो योजना अझ राम्रो हुनसक्दछ। फेरि कहिलेकाँहि गवाहीले नै योजनावद्ध रूपमा कार्यक्रम बनाउन मानिसलाई अग्रसर गराउनसक्दछ। प्रचारप्रसार र गवाहीचाहिँ सुसमाचार सुनाउने योजनाको प्रमूख तथा महत्त्वपूर्ण भाग हुनुपर्दछ। जब येशूले हामीलाई के गर्नुभयो भनेर अरूलाई बाँड्दछौं तब पवित्र आत्माको अगुवाईलाई दिल खुला राख्ने मानिसहरूले अरू वढि जान्न उत्सुक हुँदछन्। तपाईंले जानेका बाइबलको ज्ञान, आत्मज्ञान र विश्वासका सारहरूको बारेमा तर्कवितर्क गर्न मानिसहरूलाई सजिलो हुनसक्दछ। तर तपाईंको आफ्नै व्यक्तिगत गवाहीलाई नाईनास्ती गर्न अरूलाई त्यत्ति सजिलो हुँदैन।

ख्रीष्टले तपाईंको निम्ति के गर्नुभयो भनेर अरूलाई सुनाउने अवसर पछिल्लोपटक कहिले भएको थियो? त्यसबेला सुन्ने मानिसको प्रतिक्रिया कस्तो थियो? के येशूले तपाईंको जीवन परिवर्तन गर्नुभएको छ? येशूको बारेमा अरूले सिक्न चाहन तपाईंको जीवनमा के छ र?

## ३. धर्मशास्त्र बाइबलको प्रमाण (प्रेरित १३:१-४९)

येशूको बारेमा सुसमाचार सुनाउन अर्पित भएका सुरूका विश्वासीहरूले धेरै समस्याहरूको सामना गर्नुपरेको थियो। ती विश्वासीहरूले धार्मिक स्कुल वा तालिम केन्द्रहरूमा तालिम पाएका

थिएनन्। त्यसले गर्दा स्थापित चर्च वा लोकले मानेका धार्मिक संगठनहरूले तिनीहरूलाई मान्न तयार थिएनन्।

तर जे भएतापनि वा कुनै धार्मिक विद्यालयहरूबाट प्रमाणपत्रहरू नपाएतापनि प्रेरित र अरू विश्वासीहरूमा परमेश्वरको महिमाको निम्ति जोश थियो। सुसमाचार प्रचारप्रसार गर्न र गवाही दिन तिनीहरूलाई परमेश्वरले नै खटाउनुभएको हो भनेर तिनीहरूमा दृढ विश्वास थियो। तिनीहरूमा भएको सङ्कल्पलाई कसैले पनि हल्लाउन सकेको थिएन। क्षमाबाट पाएका आशिष र परमेश्वरको अनुग्रहको आत्मज्ञान अरूहरूलाई सुनाउन तिनीहरूको ठूलो चाहना थियो। जब आत्मपरिवर्तन हुन्छ तब अरूलाई त्यो परिवर्तन सुनाउने मानिसको स्वभाव नै हो।

**बर्णावास र सावल वा पावललाई के काम गर्न पवित्र आत्माले खटाउनुभएको थियो? प्रेरित १३:१-४९ पढ्नुहोस्।**

परमेश्वरको वचन जताततै प्रचार गरियो भन्दा त्यो वचनमा के थियो त? ती वचनमा पुरानो करारमा उल्लेख गरिएका मसिहको बारेमा थियो। मुक्तिदाताको जीवन, मृत्यु र पुनरुत्थानको बारेमा पुरानो करारमा भविष्यवाणी गरिएका थिए। पापीहरूलाई क्षमा दिने परमेश्वरको योजना पनि त्यसमा थिए। नाजरथका येशूद्वारा भविष्यवाणी कसरी पूरा गरियो भनेर नयाँ करारका लेखकहरूले पुष्टि गरेका थिए।

पहिलाका विश्वासीहरूले दृढसङ्कल्पकासाथ परमेश्वरको वचन प्रचारप्रसार गरेका थिए भनेर नयाँ करारले स्पष्ट रूपमा देखाएको छ। आफूले पाएका आत्मज्ञान अरूलाई बाँड्न तिनीहरू कहिलै पनि पछि हटेका थिएनन्। येशू नै प्रभु र ख्रीष्ट अर्थात् मसिह, उहाँको धार्मिक जीवनबाट मानिसले पाउने मुक्ति, परमेश्वरको आउनेवाला नयाँ राज्य र अनन्त जीवनको प्रतिज्ञा जस्ता जल्दोबल्दो बिषयवस्तुहरू ती भक्तहरूले प्रचार गरेकाथिए।

**प्रेरित ६:१-७ पढ्नुहोस्। बिषेश गरेर पद ४ र ७लाई ख्याल गर्नुहोस्। येरूशलेमका धार्मिक अगुवाहरूकै बिचमा पनि प्रारम्भिक**

**चर्चको सुसमाचार प्रचारप्रसार गर्ने कामले सफलता कसरी पाउन सक्यो त?**

धेरै मानिसहरूले येशूलाई विश्वास गरेका थिए र उहाँ नै तिनीहरूका व्यक्तिगत मुक्तिदाता हुन् भनेर ग्रहण गरेका थिए। विश्वासीहरूको जीवनलाई परमेश्वरले कसरी परिवर्तन गर्नुभयो सो तिनीहरूले देखेका थिए। चोला वा बाहिरिय धार्मिक चरित्रमा होइन तर आत्मपरिवर्तन भएको गवाही तिनीहरूले दिएको कारणले हजारौं मानिसहरूले येशूलाई विश्वास गरेका थिए। आश्चर्य वा चमत्कारपूर्ण कामले भन्दा पनि विश्वासीहरूको परिवर्तित जीवनले जनमानसमा गहिरो प्रभाव पारेको थियो।

**प्रथम् प्रचारकहरूका गवाही र प्रमाणहरू अत्यन्त प्रभावकारी थिए। तर हरदम् उनीहरूलाई उपलव्ध भएका बाइबलका ज्ञानमा तिनीहरू भरपर्दथे। तिनीहरूको अनुभव बाइबलसम्मत छ कि छैन भनेर त्यससँग तुलना गर्दथे। उनीहरूको जीवनलाई वाख्या गर्ने मापदण्ड बाइबल नै थियो। तपाईंलाई बाइबलको ज्ञान कत्तिको छ? अरूलाई प्रचार गर्ने क्रियाकलाप र गवाही दिने समयमा बाइबललाई प्रयोग गर्न तपाईं कत्तिको शिपालु हुनुभएको छ?**

## ४. अरूलाई हाम्रा जीवनकथाहरू सुनाउने (प्रेरित २२:२-२१)

येशूले तपाईंको जीवनलाई कसरी परिवर्तन गर्नुभयो भन्ने गवाही अत्यन्त प्रभावकारी हुन्छ। आमूल र आत्मपरिवर्तन भएको आफ्नो गवाही अरूलाई सुनाउनु नै येशूलाई महिमा दिने शक्तिशाली काम हो। परमेश्वरले मलाई के गर्नुभयो, उहाँले मेरो जीवनलाई कसरी असर गर्नुभयो र उहाँको अगुवाईमा हिंड्दा कस्तो अनुभव भइरहेको छ जस्ता व्यक्तिगत गवाही लुकाइराख्नुहुन्न। व्यक्तिगत गवाही तिन भागमा दिइन्छ। पहिलो भागमा येशूलाई व्यक्तिगत मुक्तिदाता ग्रहण गर्नुभन्दा पहिले आफ्नो जीवन कस्तो थियो भनेर छोटोमा वाख्या गर्नुपर्दछ। दोस्रोमा आफूले प्रभुलाई कसरी भेटे वा उहाँलाई कसरी ग्रहण गरे भनेर

बाँड्नुपर्दछ। तेश्रोमा येशूलाई चिनेपछि आफ्नो जीवनमा कस्ता अनुभवहरू भए भनेर सुनाउनुपर्दछ।

**येरुशलेममा आफ्नो विपक्षमा उभिएका मानिसहरूलाई पावलले प्रतिवाद गरेका थिए। उनले क्रमवद्ध रूपमा आफ्नो व्यक्तिगत गवाही मानिसहरूलाई दिएका थिए। क्रमवद्ध रूपमा दिएका गवाहीमा के के बुँदाहरू उनले समावेश गरेकाछन्, हेर्नुहोस् प्रेरित २२:२-२२?**

येशूलाई ग्रहण गर्नुभन्दा अगाडिको उनको जीवन (पद ३-५)

उनले प्रभुलाई कसरी भेटे (पद ६-१६)

आत्मपरिवर्तनभएपछिको उनको जीवन (पद १७-२१)

**हुनसक्छ तपाईं इसाई परिवारमा जन्मनुभएको होला। तपाईंसँग कुनै यस्ता प्रभावशाली आत्मपरिवर्तनको अनुभव नहोला। तैपनि तपाईंले कुनै न कुनै बेलामा येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाता भनेर ग्रहण गर्दा त्यसबेला तपाईंको निम्ति विशेष क्षण भएको अनुभव त पक्कै होला। पछाडि फर्केर आफ्नो जीवनलाई हेर्नुहोस् र सम्झेका केहि महत्त्वपूर्ण बुँदाहरू टिप्नुहोस्। ती बुँदाहरूलाई मिलाएर अरूलाई गवाही दिनु होस्। प्रभु येशूलाई चिन्नुभन्दा मेरो जीवन वा उहाँलाई ग्रहण गर्नुभन्दा पहिलेको**

**जीवनः**

**प्रभुलाई मैले कसरी भेटें वा उहाँलाई ग्रहण गर्न कसले प्रभाव पाऱ्योः**

**येशूलाई मैले व्यक्तिगत मुक्तिदाता भनेर ग्रहण गरिसकेपछि मेरो जीवन कस्तो रह्योः**

व्यक्तिगत गवाही दिंदा तपाईंले आफ्नो जीवनको लामो कहानी दिनुहुँदैन। औपचारिक रूपमा प्रचार गर्नु भन्दा व्यक्तिगत गवाही अनौपचारिक र क्षणिक हुनसक्छ भनेर हामीले अगाडि उल्लेख गरेकाछौं। येशूको बारेमा फेरि भन्न अर्को अवसर मिल्न सक्छ भन्ने छैन। त्यसकारण मौका पाएकै बेलामा छोटो र मिठो रूपमा येशूभक्तले आफ्नो गवाही दिनुपर्दछ। गवाही दिन कुनै स्थान वा समय तोकिएको हुनुपर्छ भन्ने छैन। येशूको बारेमा पुलुक्क भन्ने अवसर जहाँ पनि

हुनसक्दछ। बसस्टपमा वा हवाईजहाजमा यात्रा गर्दा पनि गवाही दिने अवसर हुनसक्दछ। टेलिफोनमा झट्ट कुरा गर्दापनि गवाही दिने अवसर हुनसक्दछ। जुनसुकै परिस्थितिमा किन नहोस्, प्रभुले हाम्रो निम्ति के गर्नुभयो, हाम्रो विश्वासको जग उहाँमा किन गाडियो र परमेश्वरमा आशा अरूले पनि गर्नसक्दछन् भन्ने सन्देश दिन हामी हरदम तयार हुनुपर्दछ।

**अनन्त जीवन नपाएकाहरू र पाएकाहरूको बिचमा भएको गहिरो भिन्नताको बारेमा सोच्नुहोस्। अनन्त जीवनले प्रभाव पारेका र अनन्त मृत्यु अर्थात् जीवनदेखि थाकेका मानिसहरूको बिचमा के अन्तर छ? जीवन चल्ने दौरानमा आखिर साँच्चिकै के अर्थ छ र?**

## ५. हाम्रो कामको वर्णन अर्थात् कार्य जिम्मेवारी विवरण (१ पत्रुस ३:१५)

**१ पत्रुस ३:१५मा पत्रुसको यो निर्देशन छः ख्रीष्टलाई प्रभु मानेर आफ्नो हृदयमा उहाँको श्रद्धा गर। तिमीहरूमा भएको आशाको बिषयमा कसैले सोधपूछ गरे त्यसको जवाफ दिन हरदम तयार हुनु। तर नम्रता र श्रद्धा देखाएर उहाँको बारेमा गवाही देऊ (रूपान्तरित)। गवाही कसरी दिनुपर्छ भनेर पत्रुसको निर्देशन छ त? हामीले अध्ययन गरिरहेको पाठमा उनको कुरा कसरी मिल्न आइरहेकोछ?**

गवाही र प्रचारप्रसार गर्ने कार्यक्रममा येशूभक्तको काम र कर्तव्य के हो भनेर अहिले सम्म हामीले अध्ययन गऱ्यौं। गवाही र प्रचार गर्ने कार्यक्रमको बारेमा हामीले तयार पारेको खाकामा सबै जना सहमत हुनुपर्छ भन्ने छैन। सबैले चित्त बुझ्ने तरिकामा कार्यक्रमको वयान रच्नु आवश्यक पनि छैन। तर येशूको बारेमा सत्यतथ्य कुराहरू र उहाँले यस संसारलाई के दिन चाहनुहुन्छ भन्ने मूलभूत विषयवस्तु त प्रचारप्रसार र गवाही दिने कार्यक्रमा हुनै पर्छ भनेर हामी जोड गर्दछौं।

**येशूको बारेमा प्रचारप्रसार दिएको वयान वा तरिकालाई सोच्नुहोस्। के त्यो तरिका ठिक हो? त्यसमा के थप्नुपर्छ र झिक्नुपर्छ? येशूको बारेमा प्रचारप्रसार गरिने तरिकाको लक्ष्य यी हुन्ः प्रभु येशूको सुसमाचार प्रचारबाट मानिसहरूले उहाँलाई व्यक्तिगत मुक्तिदाता भनेर**

**ग्रहण गरून्, उहाँको अर्थात् येशूमार्गमा हिंडुन्, उहाँको भक्त होउन् र अरूलाई पनि येशूभक्त बनाउन्।**

येशूको बारेमा प्रचारप्रसार गर्ने कार्यक्रमको वर्णन वा नितिनिर्देशन लामो हुनुपर्छ भन्ने आवश्यक छैन। तर हामीले दिएको सुझाव अर्थपूर्ण भएको ठान्दछौं। तर जब कुनै व्यक्तिले गवाही दिन्छ, परमेश्वरको अगुवाईमा समय र परिस्थिति मिल्न जाओस् भनि हामी चाहन्छौं। व्यक्तिकै व्यक्तिगत अनुभवबाट कसलाई कसरी गवाही दिने वा सुसमाचार सुनाउने भन्ने निर्णय गर्न सकिन्छ। तर चर्चबाट संसारलाई सुसमाचार सुनाउने उहाँको योजना छ भन्ने कुरालाई ध्यानमा राखेर चल्दा गवाही दिने र प्रचारगर्ने काम उपलव्धीमूलक हुनसक्दछ। विश्वासी र चर्चको बिचमा यस बिषयमा समझदारी हुनुपर्दछ।

प्रारम्भिक समयमा चर्च एकदम द्रुतगतिमा बढेको थियो। किनभने विश्वासीहरूले सुसमाचार फैलाउन अत्यन्त उत्सुक र इच्छुक थिए। येशूसँगको व्यक्तिगत अनुभव र पवित्र आत्माको विशेष खनाइको आधारमा तिनीहरूको क्रियाकलाप चलेको थिए। येशूको शिक्षा र पवित्र आत्माको प्रभावमा गवाही दिने र प्रचारप्रसार गर्ने योजना आधारित थिए।

“ हजारौं मानिसहरूलाई सरल र नम्र तरिकाले सुसमाचार सुनाउन सकिन्छ। संसारका अत्यन्त प्रतिभाशाली र बुज्रुक मानिसहरूका हृदयमा पनि सरल बचनहरूद्वारा परमेश्वरको प्रेमको आभास दिनसकिन्छ। संसारका मानिसहरूले संसारको बारेमा गहिरिएर चासो दिएर बोल्दछन्, तर विश्वासीहरूले पनि परमेश्वरप्रतिको प्रेमलाई स्वभाविकै रूपमा गहिरो गरि प्रस्तुत गरे ती मानिसहरूको हृदयलाई सत्यले छुनसक्दछ। प्रायजसो अगाडै तयार गरिएको प्रस्तुतले मानिसलाई कमै प्रभाव पार्न सक्दछ। तर परमेश्वरका छोराछोरीहरूले हृदयदेखि सत्य वचनहरू सरलतासाथ बोल्नु नै प्रभावकारी हुनसक्दछ। ख्रीष्ट र उहाँको प्रेमको खिलाफमा उभिएर लामो समयसम्म आफ्ना मनका ढोकालाई वन्द गर्ने मानिसहरूले येशूभक्तको इमान्दारीतालाई देखे सत्य वचनलाई सरलतासाथ सुने तिनीहरूले आफ्ना मनका

ढोकाहरू खोल्नसक्दछन्।"-एलेन जी ह्वाइट, द कलपोर्टर ईभान्जलिस्ट, पृ. ३८बाट रूपान्तरित।

## उपसंहारः

**थप जानकारीः** तपाईंको व्यक्तिगत गवाहीको बारेमा सोच्नुहोस्। अवसर पाउनेबेलामा त्यो गवाही दिन कहिलै पनि पछि नहट्नुहोस्।

केहि समय शान्तसंग सोच्नुहोस्। चर्चको कुन यस्ता कार्यक्रमहरू छन् जसमा तपाईं भाग लिन चाहनुहुन्छ। तिनीहरूलाई टिप्नुहोस्। स्थानिय चर्चमा तत्कालै प्रचारप्रसार गर्ने कार्यक्रम नहोला, तर त्यसप्रति तपाईंको चासो छ भने त्यसलाई पनि टिप्नुहोस्।

चर्चको प्रचारप्रसार गर्ने सेवाकार्यमा आफू कसरी सहभागी हुने त्यसको बारेमा सोच्न थाल्नुहोस्। यदि तपाईं त्यस कार्यक्रममा सरिक भइरहनुभएको छ भने तपाईंको सेवाकार्यलाई परमेश्वरले निरन्तररूपमा आशिष दिउन् भनी प्रार्थना गर्नुहोस्। यदि तपाईं हप्ताको एक दिन केवल प्रक्रिया पूरा गर्न चर्चमा आउनेमात्र बानी छ तर चर्चको कुनै कार्यक्रममा चासो छैन भने परमेश्वरसँग प्रार्थना गर्नुहोस् कि तपाईं पनि चर्चको कुनै न कुनै कार्यक्रममा भाग लिन परमेश्वरले देखाउन्।

## चिन्तनमननः

१. येशूले सुसमाचार प्रचार गर्ने निर्देशनमा चारवटा काम सक्रियतासाथ गर्नु भन्नुभएको छ। ती मत्ती २८ः१९,२०मा छन्ः जाऊ, अरूलाई चेला अर्थात् येशूभक्त बनाऊ, बप्तिस्मा देऊ र सिकाउ। ती सबै निर्देशन अत्यन्त महत्त्वपूर्ण छन्, तर तिनीहरूमा “चेला अर्थात् येशूका अनुयायी बनाऊ" भन्ने आज्ञालाई अत्यन्त उल्लेखनीय मान्नुपर्दछ। येशूभक्त बन्नु वा बनाउनुको अर्थ के हो र कसरी बन्ने वा बनाउने, त्यसको बारेमा चिन्तन गर्नुहोस्।

२. तलको अभिव्यक्ति पढ्नुहोस्। अनि यी प्रश्नको चर्चा गर्नुहोस्ः अन्धकारमा भौंतारिएका मानिसहरूको बिचमा विश्वासी वा चर्चका समूह परमेश्वरको सञ्चारमाध्यम कसरी हुने? “मानिसहरूको बिचमा ख्रीष्टले कहिलै पनि पाप नगरेको स्वर्गदूतहरूलाई आफ्नो प्रतिनिधित्व गर्न नियुक्ति गर्नुहुन्न। तर उहाँले ती मानिसहरूलाई चुन्नुहुन्छ जो पापमा परेका मानिसहरूलाई उद्धार गर्न अत्यन्त जोशिलो हुन्छन्। मानिसहरूमा पुग्न नै ख्रीष्टले मानव चोला ग्रहण गर्नुभएको थियो। यस संसारमा मुक्ति ल्याउनको निम्ति येशू परमेश्वर भएर पनि मानिसको चोला लिनुभयो। त्यस पुनित कार्यको निम्ति येशू दुवै परमेश्वर र मानिस हुनु आवश्यक थियो। मानिससँग सम्पर्क गर्न बाटो बनाउन ख्रीष्ट परमेश्वर भएर पनि आफैले मानव चोला ग्रहण गर्नुभयो।"–एलेन जी ह्वाइट, *द डिजायर अभ एजेज,* पृ. २९६।

३. तपाईंको आफ्नो जीवनलाई नियालेर हेर्नुहोस्। संसारको सामु तपाईं कस्तो उदाहरण दिएर चल्न सक्नुभएको छ? तपाईंको वचन, क्रियाकलाप, रवाईखवाई, नियत र मनस्थितिले तपाईंका वरिपरि भएकाहरूलाई कसरी प्रभाव पार्नुभएको छ? क्रियाशील भएर गवाही वा प्रचारप्रसार गर्ने काममा तपाईं संलघ्न नभएतापनि संसारको सामु तपाईं कस्तो खालको येशू भक्त भनेर देखाइरहनुभएको छ? कुन पक्षमा तपाईं सुधार्नु आवश्यक छ?